शिक्षा ऐन, २०२८, (संधोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## लिखित परीक्षा योजना

यस पाठ्यक्रमलाई दुई भागमा बाँडिएको छ।

१ .लिखित परीक्षा - पूर्णाङ्क १०० **उत्तीर्णाङ्क : ४०**

२ .अन्तर्वार्ता - पूर्णाङ्क २५

## लिखित परीक्षा

**समय : ३ घण्टा**

| **खण्ड** | **विषय** | **परीक्षा प्रणाली** | **अङ्क भार** | **प्रश्न सङ्ख्या** | **समय** |
|---|---|---|---|---|---|
| **क** | शिक्षासम्बन्धी : आधारभूत ज्ञान, पाठ्यक्रम तथा शिक्षण विधि र प्रविधि | वस्तुगत/ बहुवैकल्पिक | ४० | ४० X १ | ४५ मिनेट |
| **ख** | सम्बन्धित विषयवस्तुको ज्ञान | विषयगत | ६० | ६ X १० | २ घण्टा १५ मिनेट |
| **जम्मा** | | | १०० | ४६ | |

**द्रष्टव्य :**

१. खण्ड **क** र ख का उत्तरपुस्तिहरु अलग अलग हुनेछन्।
२. वस्तुगत र बिषयगत परीक्षा एकैपटक सञ्चालन हुने छ।
३. लिखित परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुबै भाषा हुनेछ। भाषा विषयहरूका हकमा सम्बन्धित भाषामा नै उत्तर दिनुपर्नेछ।
४. यो पाठ्यक्रम मिति २०७३/१२/०२ गतेदेखि लागु हुनेछ।
५. खण्ड क बमोजिमको वस्तुगत प्रश्न सबै विषयका लागि एउटै हुनेछ।

शिक्षा ऐन, २०२८, (संशोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

# आधारभूत तह (साविक निम्न माध्यमिक तह कक्षा ६-८)

## विषय : सामाजिक अध्ययन

### खण्ड ख : सम्बन्धित विषयको ज्ञान — ६० अङ्क

**एकाइ १. आधारभूत तह (कक्षा ६-८) सामाजिक अध्ययनको विषयगत शिक्षण**

१.१ **हामी र हाम्रो समाज** (समाज तथा समुदाय, सामाजिकीकरण, गाउँपालिका, नगरपालिका, जिल्ला सभा, विकासका पूर्वाधारहरू, विकास आयोजना, दिगो विकास आदि)

१.२ **हाम्रो सामाजिक मूल्य र मान्यता** (चाडपर्वहरू, राष्ट्रिय गौरव, राष्ट्र र राष्ट्रियता, राष्ट्रिय सम्पदाहरू, सामाजिक तथा धार्मिक परम्परा, राष्ट्रिय  तथा अन्तर्राट्रिय व्यक्तित्वहरू, विविधताको सम्मान, सामाजिक सद्भाव र सहिष्णुता आदि)

१.३ **सामाजिक समस्या र समाधान** (सामाजिक समस्या तथा समाधान, द्वन्द्व व्यवस्थापन, शान्ति शिक्षा, सुशासन आदि)

१.४ **नागरिक  चेतना** (संविधानको परिचय र मौलिक हकहरू तथा वर्तमान संविधानका विशेषताहरू, राज्यका अङ्गहरू, नागरिक अधिकार र कर्तव्य, सामाजिक नियम, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणा, राज्यका आधारभूत तत्त्वहरू, लोकतान्त्रिक संस्कार, मानव अधिकार, समावेशीकरण आदि)

१.५ **हाम्रो पृथ्वी** (पृथ्वीको परिचय, नेपालको भौगोलिक तथा प्राकृतिक स्वरूप र सामाजिक जनजीवन, नक्सा कार्य महाद्वीपहरूको परिचय, जलवायु परिवर्तन र विपद् व्यवस्थापन आदि)

१.६ **हाम्रो विगत** (प्राचीन, मध्यकालीन र आधुनिक नेपालको सङ्क्षिप्त परिचय, मानव सभ्यताः नाइल नदी, सिन्धु उपत्यका, मेसोपोटामिया, ह्वाङ्हो नदी, ग्रीस, पुनर्जागरण आदि)

१.७ **हाम्रो आर्थिक क्रियाकलाप** (नेपालको कृषि, उद्योग, व्यापार, पर्याटन र सेवा क्षेत्रको सङ्क्षिप्त परिचय, नेपालको प्राकृतिक स्रोतहरू, वैदेशिक व्यापार, सहकारिता, बैङ्किङ, मुद्रा, वस्तुको मूल्य निर्धारण, बचत, लगानी र पूँजी निर्माण आदि)

१.८ **हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** (सार्क र नेपाल, संयुक्त राष्ट्रसङ्घ र नेपाल, भूपरिवेष्ठित देशको परिचय, मित्र राष्ट्रहरूको परिचय र सम्बन्ध, कुटनीतिक नियोग, विश्वको समसामयिक घटना तथा अन्तर्सम्बन्धित मुद्दाहरू आदि)

१.९ **जनसङ्ख्या र यसको व्यववस्थापन** (जनसङ्ख्याको परिचय, आकार, बनोट र वितरण, जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू, बसाइँ सराई, जनसङ्ख्या वृद्धि र  व्यवस्थापन आदि)